# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,

लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

| खण्ड १ | अंक: २ | आश्विन, ०१ गते २०८१ साल | (संख्या: ०७) |
| --- | --- | --- | --- |

### भाग-२

नगर कार्यपालिकाको मिति: २०८१/०५/३१ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी**

**कार्यविधि (दोस्रो संशोधन), २०८१**

प्रस्तावनाः बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न बाञ्छनीय भएकाले,

बर्दघाट नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस नगरपालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरवन्दिको अधिनमा रहि प्राविधिक कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि बर्दघाट नगर कार्यपालिकाले मिति २०८१/०५/३१ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि (दोस्रो संशोधन), २०८१" रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखी लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "प्रमुख" भन्नाले क्रमशः नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ख. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

ग. "कार्यविधि" भन्नाले "बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, (दोस्रो संशोधन) २०८१" सम्झनु पर्दछ ।

घ. "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ. "प्राविधिक कर्मचारी" भन्नाले दफा ३ (२) बमोजिम प्राविधिक सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनु पर्दछ ।

च. "समिति" भन्नाले दफा ५ बमोजिम गठित अन्तवार्ता तथा सूचिकरण समिति सम्झनु पर्दछ ।

**३. बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि , २०८१ (यस पछी कार्यविधि भनिएको) को दफा ४ मा संशोधनः**

१. दफा ४ को उपदफा ३ (क) १, २, ३, ४ को सट्टामा देहायबमोजिमको उपदफा ३ (क) १, २, ३, ४ राखिएको छः-

क. नूनतम शैक्षिक योग्यता वापत बढीमा पचास अंक मध्ये त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा देहाय बमोजिम गणना गर्नु पर्नेछ-

१. विशिष्ट श्रेणी (४.०-३.६ सम्म) वापत पचास (५०) अंक

२. प्रथम श्रेणी (३.५-२.८ सम्म) वापत पैतालिस (४७) अंक

३. द्वतीय श्रेणी (२.७-२.४ सम्म) वापत चालिस (४४) अंक

४. तृतीय श्रेणी (२.३-१.६ सम्म) वापत पैतीस (४१) अंक

**२ दफा ४ को उपदफा ३** (ख, ग, घ र ङ) को सट्टा देहायवमोजिमको उपदफा **३** (ख, ग घ, र ङ) राखिएको छः-

(**ख**) कार्य अनुभव वापत प्रति ६ महिनाको दुइ अंकको दरले बढीमा दश अंक

द्रष्टव्य- सम्वन्धित विषय क्षेत्रमा गरेको कामको लागि मात्र अनुभवको अंक गणना गर्नु पर्नेछ र यसका लागि, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने छ ।

(**ग**) बर्दघाट नगरपालिकाको स्थानीय बासिन्दा भएमा बढीमा पाँच अंक

बर्दघाट नगरपालिका

(घ) अन्तवार्तामा अधिकतम ३० अंक । यस अनुसार अंक प्रदान गर्दा न्यूनतम् बाह्र र अधिकतम् अठारको सीमा भित्र रही प्रदान गर्नु पर्नेछ ।

| अन्तरवार्ताको जम्मा पूर्णांक | अन्तरवार्ताका सूचक र आधारहरुः | | | |
|---|---|---|---|---|
| ३० अंक | उम्मेदवारको व्यक्तित्व | सम्बन्धित विषयवस्तुको ज्ञान | समसामयिक विषयवस्तुको ज्ञान | अभिरुची परीक्षण |
| | ६ अंक | १२ अंक | ६ अंक | ६ अंक |

(ङ) कम्प्यूटर सीप परीक्षण वापत पाँच अंक ।

आज्ञाले,
(प्रकाश खनाल)
प्रमुख प्रशासकीय अधिकृत

बुद्धभूमि नगरपालिका